जिल्ला प्रशासन कार्यालय मकवानपुर दर्ता नं. ११९/२०६९/०७० मकवानपुर जि. हुलाक कार्यालय दर्ता नं ०५/२०७६/०७७

www.saheekhabar.com

सहीखबर

साप्ताहिक

वर्ष- १३, अङ्क- ०६, २०८१ भदौ १३ गते विहीबार, 29 Aug. 2024, नेपाल सम्वत्-११४४ पृष्ठ-६, मूल्य रु. ५/-

प्रविधिमैत्री सेवाको लागि मन्त्री महर्जनको निर्देशन

○ सहीखबर संवाददाता

मकवानपुर । बागमती प्रदेशका श्रम रोजगार तथा यातायात मन्त्री प्रेमभक्त महर्जनले नागरिकले घरमै बसेर सुविधा लिने गरी योजना बनाउन कार्यालय प्रमुखहरुलाई निर्देशन दिएका छन् ।

मन्त्रालयको आयोजनामा हेटौंडामा भएको सवारी कर तथा नविकरण, दस्तुर संकलन व्यस्थापनका बिषयमा अन्तरक्रियामा उनले यस्तो निर्देशन दिएका हुन् । प्रदेश सरकार र मातहतका कार्यालय प्रति नागरिकको विश्वास बढाउन विश्वस्त हुनेगरी कार्यसम्पादन गर्नु पर्ने बताउँदै मन्त्री महर्जनले भने, 'यातायातसम्बद्ध करमा राखिएको छुटको व्यवस्था बारे संचारमाध्यम र सामाजिक संजाल मार्फत् सूचना सम्प्रेषण गरि सुसूचित गर्न आवश्यक रहेकोले काम गर्न लागि परौं ।'

यस्तै, कार्यक्रममा प्रदेश आर्थि मामिला तथा योजना मन्त्री कुन्दनराज काफ्लेले मन्त्रालयहरुले बनाएको योजनाहरुको कार्यान्वयनमा अर्थ मन्त्रालयले सधैं साथ दिने बताए ।



कार्यक्रममा सार्वजनिक खरिद ऐन, नियमावली अनुसार बाई ब्याक मेथोड अर्थात् पुरानो दिने नयाँ लिने विधिबाट सरकारी निकायले बिक्री गर्ने सवारी साधनकरुो नामसारीको कार्यविधि तयार पार्ने सम्बन्धमा सुझाव दिन गठित कार्यदलको प्रतिवेदन समेत मन्त्रालयलाई हस्तान्तर ण गरिएको छ ।

कार्यक्रममा बागमती प्रदेशमा चालु आर्थिक बर्षको लागि जारी आर्थिक ऐनमा यातायात क्षेत्रसँग सम्बन्धित कर संकलनको व्यवस्थाको कार्यान्वयनमा प्रशासनिक सुधार, प्रभावकारीता तथा सेवा प्रवाहका सम्बन्धमा गर्न सकिने सुधारका विषयमा छलफल भएको थियो ।

कानुनद्वारा प्रतिबन्धित लागुऔषधहरुको प्रयोग नगरौं, आफ्ना बालबालिकाहरुको साथी संगतमाथि निगरानी राखौं । सभ्य र सिर्जनशील समाज निर्माणमा योगदान गरौं ।

लोकहितको लागि *ww.saheekhabar.com*

पानीमा समृद्ध बन्दै काकाकुल हेटौंडा

○ सरिता दाहाल

मकवानपुर । पानी जीवनको आधार हो । पानीसँग जोडिएको जिन्दगानीमा पानीकै चर्चा मने कम हुने गर्छ । संघीय व्यवस्थाता अघि मकवानपुरको हेटौंडामा पिउने पानीको चरम सभाव थियो । पिउने पानीकै अभावमा कष्टकर दैनिकी जिइरहेका हेटौंडाबासी दिनहुँजसो खानेपानी कार्यलयमा रित्ता गाग्रा र बाल्टीन बोकेर धर्ना बस्दथे ।

कर्मचारीहरू कहिले आन्दोलन/ धर्नामा आएकाहरूलाई फेस गर्दै केही मन्दै थुम्थुम्याएर पठाउँथे । धेरैजसो त सामने नै पर्दनथे । धार्नामा आएका उपभोक्ता नारा लगाउँथे: "काकाकुल हेटौंडा, पानी दे पानी दे ।"

अब अवस्था फेरिएको छ । उबेलाको अवस्था बयान अब् कथु जस्ता लाग्छन् । २०७० जेठ ८ गतेअघि र त्यसपछिको समय अहिले अवलोकन आनन्दनुभुती हुने बताउँछन् कर्मचारीहरू नै । पानीमा चरम समस्या भोग्दै आएका हेटौंडेली पानीमा अब समृद्ध बनेका छन् । अहिले केही नयाँ बस्तिहरूमा बाहेक हर घरमा २४ घण्टा पानी आउँछ । नयाँ बस्तिहरूमा खानेपानीको योजनाहरू विस्तार हुँदै आएका छन् ।

"गर्दा हुने रहेछ" अध्यक्ष



प्रताप विष्ठ भन्छन् "बोर्ड र उपभोक्ताको सहकार्यले नै यो संभव भएको हो ।" १० वर्षको अन्तरालमा हेटौंडाको बस्तिमा जनसङ्ख्या दोब्बरले बढेको छ । तर पानीको समस्या छैन ।

उबेला ८ हजार ५३७ वटा धारामा पानी पुऱ्याउन सकिएको थिएन, अहिले २७ हजार ६३१ वटा धारामा सहजै पानी पुऱ्याइएको छ । उबेला दैनिक सरदर ५९ लाख लिटर पानी उत्पादन गर्ने नेपाल खानेपानी संस्थान हेटौंडालाई पानीको विकराल समस्या थियो । अहिले दैनिक ३ करोड ५७ लाख लिटर पानी उत्पादन गर्दै हेटौंडा खानेपानी व्यवस्थापन बोर्डले पानीमा समृद्धि हासिल गरिरहेको छ ।

पानीको समस्या समधान गर्दै घरघरमा धारा वितरण र पानीको स्रोत खोजिमा निरन्तर लागि परेको हेटौंडा खानेपानी बोर्डले गत आर्थिक वर्षमामात्रै एक करोड लिटरभन्दा बढी पानीको व्यवस्था भएको छ । वि.स. २०८० यतामात्रै एक करोड बढी लिटर खानेपानी व्यवस्था भएपछि उपमहानगरबासीलाई सहज भएको छ ।

समबेल, डिपबोरिङ र गामिएका उपभोक्ता समितिबाट १ करोड लिटर खानेपानी थप भएको हेटौंडा खानेपानी बोर्डले जानकारी दिएको छ । सामरी समबेलबाट ६० लाख लिटर, मैदा टोलको समबेलबाट १५ लाख लिटर, लामसुरे डिपबोरिङबाट १२ लाख लिटर र उपभोक्ता समिति हस्तान्तरण भई थपिएको खानेपानी १४ लाख १७ हजार लिटर गरी एक करोड १ लाख १७ हजार लिटर खानेपानी थपिएको बोर्ड अध्यक्ष प्रताप विष्ठले जानकारी दिए । हेटौंडामा दैनिक ३ करोड ४० लाख लिटर पानीको माग छ ।

हाल हेटौंडाको मुख्य नगर क्षेत्रमित्र २४ सै घण्टा पानी वितरण गर्न बोर्ड सफल भएको अध्यक्ष विष्ठ बताउँछन् । हेटौंडा उपमहानगरमित्रको वडा नम्बर २, ४, ५, ६, ७, ८, ९, १० र १४ को पूरै भूभाग, वडा नम्बर १, ३ र १७ को केही भूभाग र वडा नम्बर १५, १६, १८ र १९ को ७०.५ प्रतिशत भूभागमा बसोबास गर्ने १ लाख ६० हजार नगरबासीलाई ३ करोड ५७ लाख लिटर खानेपानी वितरण गरिरहेको बोर्डले जनाएको छ । नगरक्षेत्रको वडा नम्बर ११, १२ र १३ मा उपभोक्ता समितिबाट खानेपानीको सेवाप्रवाह हुँदै आएको छ ।

हेटौंडा खानेपानी बोर्डले ७० को दशकमा खानेपानी व्यवस्थापनमा उल्लेख्य सुधार गरेको हो । खानेपानी संस्थान हुँदा दैनिक ५५ देखि ६० लाख लिटरसम्म आपूर्ति हुन्थ्यो । खानेपानीको माग भने दैनिक १ करोड लिटरभन्दा बढी थियो ।

संस्थान हस्तान्तरण भएर बोर्ड बनेपछि २०७० यताका १० वर्षको अवधिमा भने हेटौंडाको खानेपानी आपूर्तिमा कायापलट भएको छ । ८ जेठ २०७० मा नेपाल खानेपानी संस्थान हेटौंडा खानेपानी व्यवस्थापन बोर्डमा हस्तान्तरण भएको थियो । नगर क्षेत्रमित्र बसोबास गर्ने नगरवासीलाई स्वच्छ र सर्वसुलभ किसिमबाट गुणस्तरीय रूपमा एउटै शुल्कमा खानेपानी उपलब्ध गराउनु हेटौंडा खानेपानी व्यवस्थापन बोर्डको उद्देश्य रहेको अध्यक्ष विष्ठले बताए ।

बोर्ड सञ्चालनमा आएदेखि हालसम्म बोर्डमा १६ वटा उपभोक्ता समिति हस्तान्तरण तथा सेवाक्षेत्र विस्तार गर्दा ११ हजार धारा संख्यामा वृद्धि भएको छ । हेटौंडा उपमहानगरपालिकाले नगर बासीलाई राहत दिने उद्देश्यले न्यूनतम खानेपानी महशुलमा १० हजार लिटरसम्म खपतमा छुटको व्यवस्था गरेसँगै खानेपानी बोर्डमा उपभोक्ता समिति हस्तान्तरण हुने क्रम बढेको छ ।

बोर्डले हेटौंडा उपमहानगर पालिका, बागमती प्रदेश सरकार र संघीय सरकारसँग सहकार्य गरी सेवाक्षेत्रमा सुधार गर्दै नयाँ क्षेत्रमा नयाँ आयोजनाको थालनी गरिरहेको बोर्डका आर्थिक प्रशासन प्रमुखसमेत रहेका सूचना अधिकारी सञ्जय न्यौपानेले जानकारी दिए ।

गत आर्थिक वर्ष २०८०/८१ को नीति बाँकी पेज ३ मा

सर्पले डसेमा ध्यान दिनुपर्ने कुराहरु

- ❒ सर्पले डसेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- ❒ आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं ।
- ❒ सर्पले डसेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- ❒ सवारी साधनमा घाईतेलाई बसाएर सर्पले टोकेको ठाउँलाई मिलेसम्म मुटुको सतहभन्दा तल पारी लैजाऔं,
- ❒ झारफूकलगायतका गलत परम्परागत उपचार विधितिर नलागौं,

राक्सिराङ गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय,मकवानपुर

२०८१ भदौ १३ विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०
मकवानपुर जि. हुलाक का. दर्ता नं ०५/२०७६/०७७

प्रकाशक/सम्पादक:- सरिता दाहाल
समाचार संयोजक:- संझना घिमिरे,
संवाददाता: गोपिनी दाहाल
प्रबन्ध/बजार व्यवस्थापक:- सिताकुमारी घिमिरे
मुख्य कार्यालय:- हेटौंडा-५ मकवानपुर
सम्पर्क:- ९८४५४६१३३३
इमेल: saheekhabar333@gmail.com
कम्प्युटर सेटिङ: *सहीखबर साप्ताहिक* डेक्स हेटौंडा-५, मकवानपुर
मुद्रण:-श्रेया अफसेट प्रेस, हेटौंडा-५, सानो पोखरा चोक ।

सम्पादकीय

कपडा उद्योगको लगानी बालुवामा पानी

२०४७ सालमा बहुदल आएपछि सरकारले संचालन गर्दै आएको उद्योगहरू क्रमश: बन्द हुँदै गए । केही निजिकरण गरियो केही लिजमा दिए केही खारेजीमा परे । अहिले केही उद्योग जसोतसो चलेको जस्तो मात्रै देखिन्छ ।ती पनि धेरै दिन चल्ने छाँटका छैनन् । मकवानपुरको हेटौडा कपडा उद्योग पनि यसैको उदाहरण हो । यो बन्द भएको ३ दशक भयो तर यसको चर्चा वर्षको ३ पटक हुनेगर्छ । सरकार परिवर्तन हुँदा र बजेट प्रस्तुत गरिदाँ । हरेक वर्ष सरकारले कपडा उद्योग संचालनको लागि बजेट विनियोजन गर्छ । उद्योग मन्त्री फेरिए पिच्छे अनुगमन हुन्छ । संचालन गर्नु पर्ने बताउँछन् । त्यस पछि उद्योगको चर्चा सेलालउँदै जान्छ ।

लामो समय थन्किएर बसेका मेसिनरी औजार खिया लागेर काम नलाग्ने छन् ।यसको मर्मत संभार गरेर संचालन गर्न फलामको चिउरा चपाएभन्दा कठिन छ भन्ने थाहा छ । फेरी पनि संचालन गर्ने अलाप सरकार लगाउँन छोड्दैन । नेपालमा औद्योगिक क्षेत्रको स्थापना पञ्चायतकालमा भएको तर प्रजातन्त्र आएपछि सबै उद्योग धरासायी हुदै वन्द हुदै गएको अवस्था छ । सरकार आफूले उद्योग सञ्चालन गर्न सकिदैन भन्ने थाहा हुँदाहुँदै पनि आश्वासन वाइन छोड्दैन ।

माओवादी नेता बाबुराम भट्टराई अर्थमन्त्री हुँदा कपडा उद्योग संचालन गर्ने गरी बजेट विनियोजन गरियो तर उक्त रकम कार्यकर्तालाई जागिर दिने मै सिमित भयो । कोमामा गइ सकेको थाहा हुँदाहुँदै भट्टराईले चासो जगाए हरेक सरकारका अर्थमन्त्रीले बजेट भाषणमा उद्योग संचालनकालागि रकम छुट्याउँदै आएका छन् । हचुवाको भरमा लगानी गरेको रकमले प्रतिफल दिदैन । संचालन गर्न नसकिने थाहा हुँदाहुँदै राज्यले वर्षेनी लगानीलाई खेर फाल्दै आएको छ । उक्त उद्योगमा लगानी गर्नुभन्दा नयाँ क्षेत्रमा लगानी गर्दा नै उपलब्धि हुनसक्ने तर्फ ध्यान दिनु उपर्युक्त होला ।

रोल नम्बर १ पढेपछि



स्वरूपा गुरागाई, कक्षा ८
सिद्धार्थ मावि हेटौंडा ३, मकवानपुर

मलाई यो किताब पढेर गाउँघरको वातावरण, चालचलन र रितिरीवाज का बारेमा थाहा भयो । गाउँघरमा हुने छोराछोरी विषयको विभेदका बारेमा थाहा भयो। यो किताबमा लेखककै बाल्यकालको बयान गरिएको छ । उहाँको बारेमा एउटा जीवनी पढेको थिएँ। त्यहाँ पढेकोभन्दा बढी कुरा थाहा भयो उहाँले धेरै संघर्ष गर्नु भएको रहेछ ।

२८ दिने बर्षे बिदामा गृहकार्य सकें । तपाईहरुको पनि बिदा सकियो ? गृहकार्य थियो कि थिएन ? गृहकार्य भएको भए सक्नुभयो होला है ? कमेन्टमा भन्नुहोला है ? मैले बिदामा गृहकार्यसँगै धेरै काम सिकें, अरु किताब पनि पढे । बिदामा मैले भाइसँग अधिकतम समय बिताए । आफूलाई मनपर्ने चित्रकला पनि कोरें । विद्यालयको समयमा धेरै व्यस्त भएकोले गर्न नभ्याएका कार्यहरु गरे । घरको काम गर्न सिकें, अविभावकलाई सहयोग गरे ।

बिदामा मैले लेखक राधा पौडेलले लेख्नुभएको किताब रोल नम्बर एक पढें । किताब एकदमै राम्रो लाग्यो । वि. स. २०३० सालमा जन्मनुभएको राधा पौडेल महिला लेखक हुनुहुन्छ । खलङ्गामा हमला (एउटी नर्सको डायरी) कृतिको लागि उनलाई वि.सं २०७१ मा मदन पुरस्कार प्रदान गरिएको थियो । यो उहाँको पहिलो कृति हो । मर्यादित महिनावारीका विषयमा ३ पुस्तक, बाल्यकालीन संस्मरण रोल नम्बर १, किशोर उपन्यास मारियम मान्छे भई तथा एक अनुदित किताब बजार छन् । यि बाहेक पनि प्रकाशित छन् होला मैले, यति थाहा पाएकी छु ।

उत्सव उहाँको दोस्रो उपन्यास हो । उहाँ पेशाले नर्स हुनुहुन्थ्यो, तर उहाँ हाल सामाजिक अभियन्तामा बढी सकृय हुनुहुन्छ । आफूले भोगेका, देखेका कुरा कथाका रुपमा किताबमा व्यक्त गर्नुभएको छ। उहाँ राष्ट्रिय तथा अन्तराष्ट्रिय पुरस्कारबाट सम्मानित हुनुभएको छ।

साथीहरु, अब रोल नम्बर एकको कुरातर्फ लागौ है ।

१२५ पेज रहेको रोल नम्बर एक किताबमा १३ वटा कथाक्रम रहेका छन् । कथाक्रम "१ चोर हुँ जस्तो" मा लेखकलाई काम गर्न खुबै रमाईलो लाग्ने र जति ठुलो भयो त्यति काम बढ्ने विषय छ । पक्कै पनि जति ठुलो भयो त्यति जिम्मेवारी बढ्दै जान्छ नि हैन र ? आमा र दिदीसँग पर्म लगाउन जादाँ कम ज्याला पाएको, जाडोको छुट्टीमा बर्षभरिलाई पुग्ने दाउराको बन्दोबस्त गर्दाको विषय रोचक छन् । जङ्गली जनावरको खासै मतलब नहुने, जङ्गली फल खाँदाको मज्जा, बर्रोको रुख घरमा उम्रेको तर नयाँ घर बनाउने बाहानामा बाले रुख काट्दाको पिडा आदि छन् । बाल मस्तिष्कमा खेल्ने भावनाले हामीलाई पनि पुर्वस्मृतिमा लैजान्छ ।

यसैगरी कथाक्रम २ "भाकल" मा देवीलाई भाकल दिएको, आमा बिरामी हुँदाको दु:ख, पढ्नका लागि मिहिनेत गर्नुपर्ने सवाल उठाइएको छ भने कथाक्रम ३ "माटोको माया"मा बसाईसरेको र लेखक जन्मिनु भएको, जन्मभूमिको धेरै माया लाग्ने, सुत्ने बेला बाको कामका सिलसिलामा भएका घटनाहरु सुनेको, नेपालको नक्सामा लमजुङ र चितवन खोजेको, आफ्नो जन्मथलो प्रतिको प्रश्न मनछुने गरी प्रस्तुत गर्नुभएको छ ।

किताबको शिर्षनाम कथाक्रम ४ मा छ,अर्थात रोल नम्बर एक । यसमा परीक्षाको नतिजा प्रकाशनका दिन कसैले अबिर नलगाइदिदाको दु:ख, त्यहि कुरा सम्झेर धेरै पटक रोएको, आमालाई ढाँटेको आमाले मिहिनेत गर्नका लागि उदाहरण दिनु भएको, रोएर केही पनि नहुने, अर्को वर्ष नतिजा सुन्न नगएको तर प्रथम भएको रोचक कुराहरु पढ्दा आनन्द आउँछ ।

कथाक्रम ५ स्कुल फेर्दाको पिडामा ठुलो कक्षा पढ्न प्रेमबस्ती माध्यमिक विद्यालय गएको, पुरानो विद्यालयका शिक्षक र साथीहरूको सम्झना आएको, गणित विषय धेरै मन पर्ने, विद्यालयमा विभेद भएको जस्ता कुराहरू छन् । यसैगरी कथाक्रम ६ विद्यालयमा ६ वर्ष पूरा भएपछि विद्यालय गएको, अरुभन्दा चाँडै भर्ना हुन पाएको, उमेर बढाएर पढेको, स्कुल गएको कि विद्यालय भनेर दिदीलाई सोधेको र विद्यालय जान खुबै मन पर्ने, जाडो महिनामा घाम ताप्दै पढ्ने गरेको, मिलिमिली सिक्ने र एक अर्कालाई सिकाउने गरेको समुहमा काम गर्न आत्मविश्वास बढेको आदि छन् ।

कथाक्रम ७ घाँसीको कथामा सामाजिक कामका बारेमा जानेर आत्मविश्वास बढेको, साथीलाई सबैले सहयोग गरेको, आफ्नो ईष्या गर्नेलाई कहिल्यै परवाह नगरेको, आगलागीबाट असाध्यै डर लाग्ने, अरुलाई दु:ख पाएको सुन्न र हेर्न गाह्रो हुने आदि छन् । कथाक्रम ८ जडौरी किताबको मोहमा पढाइ सम्बन्धी सबै कुरा दिदीहरूबाट सरुवा भएर आउने, फूलटिन (फाउन्टेन मेन) प्रयोग गर्दा धेरै फाइदा भएको, कमी र किताब प्रति धेरै माया भएको आदि छन् ।

कथाक्रम ९ मा परिश्रमको फलमा पसलमा सामान किन्दा दश रुपैया बढी फिर्ता पाएको, पैसा पुर्याउन जाँदा रात परेको आदि छन् । यस्तै कथाक्रम १० घरको नियमको अपरेशनमा छोरा र छोरी बिचको विभेद थाहा पाएको, जति ठूलो भयो त्यति धेरै कुरा सुन्न र देख्न अनुभव भएको खेत जोल्दा गाली खाएको, बाउसो पनि गर्न आउने, सानो जात भनेर हेपेकोआदि छन् ।

कथाक्रम ११ मेरो स्वाभिमानमा डर लागिलागि पसल जानुपरेको, मानिसले झगडा गरेको, ठूलो स्वरले कराएको सुनेमा डर लाग्ने, खेतमा पानि लगाउँन जाँदा पनि डर लाग्ने, सुगाजस्तै बन्ने इच्छा लागेको, स्वाभिमान जति प्यारो हुन्छ त्यतिनै महँगो पनि हुने आदि छन् ।

कथाक्रम १२ प्राकृतिक जीवनमा पानि पर्न थालेपछि फलका विरुवा खोज्ने गरेको, आकाश कसले बनायो भनेर आफैले आफैलाई प्रश्न गरेको, फूलहरूबाट धेरै कुरा सिकेको, फूल मान्छेजस्तै लागेको, साथी साथी बिरुवा गन्दै साटफेर गरेको आदि छन् । यसैगरी कथाक्रम १३ मेरी साथीमा समाजमा महिनावारी हुँदा गरिने व्यवहार का बारेमा बयान गरिएको छ । साथी विद्यालय नआएको, आमा महिनावारी हुनुभएकोले साथी नआएको थाहा पाउँदा अच्चम लागेको, महिनावारी सम्बन्धी नियम कस्ले बनायो भनी प्रश्न गरेको आदि छन् ।

मलाई यो किताब पढेर गाउँघरको वातावरण, चालचलन र रितिरीवाज का बारेमा थाहा भयो । गाउँघरमा हुने छोराछोरी विषयको विभेदका बारेमा थाहा भयो। यो किताबमा लेखककै बाल्यकालको बयान गरिएको छ । उहाँको बारेमा एउटा जीवनी पढेको थिएँ। त्यहाँ पढेको भन्दा बढी कुरा थाहा भयो उहाँले धेरै संघर्ष गर्नु भएको रहेछ । यती धेरै कुरा सुन्दा/पढ्दा उहाँलाई भेट्न धेरै मन पनि लागेको छ । माथि लेखेका कुराले तपाईंहरुलाई पनि किताब पढ्न मन लाग्यो होला है ? हो भने किताब पढ्न सक्छ हुनेछ ।

म भने अबको बिदामा उहाँकै अपवित्र रगत कृति पढ्ने छु । यो किताब मलाई प्राप्त भइसकेको छ । फुर्सदमा पढेर मैले फेरी यहाँहरुसँग शेयर गर्ने जमर्को गर्नेछु ल ।

पानीमा समृद्ध .....

तथा कार्यक्रममा उल्लेख गरिएका योजना पूरा भइसकेका छन् । नगरक्षेत्रमित्र वडा नम्बर ४, ५, ६, ७, १४ र १५ मा करिब ५४ लाख ७४ हजार को लागतमा २३ हजार ४ सय मिटर पाइपलाइन विस्तारकार्य बोलपत्रको माध्यमबाट सम्पन्न गरिएको न्यौपानेले बताए । विभिन्न साइजको करिब १ लाख ४ हजार मिटर १ करोड १८ लाख बराबरको पाइप बोलपत्रको माध्यमबाट खरिद गरिएको छ ।

२०८१ असार मसान्तसम्म पानी महसुल, जरिवाना, नयाँ धारा जडान, थप पाइप तथा फिटिङ, मिटर जडान मर्मत, नामसारी, निवेदन तथा अन्य दस्तुर र बैंक ब्याज गरी वार्षिक कुल लक्ष्यको तुलनामा आन्तरिक आयतर्फ १०२.७५ प्रतिशत अर्थात १५ करोड ४ लाख ३६ हजार रूपैयाँ संकलन गरेको छ ।

गत आर्थिक वर्षमै हेटौंडा८ मैदाठोलमा सशस्त्र प्रहरी बलको कम्पाउण्डभित्र समबेल, मकवानपुर गढी गाउपालिका४ स्थित सामरीपुल नजिकै प्रतिदिन ६० लाख लिटर पानी उत्पादन क्षमताको समवेल निर्माण, हेटौंडा१६ हटियामा शक्तिखोला खानेपानी तथा सरसफाइ उपभोक्ता समितिअन्तर्गत रहेको खानेपानीको स्रोत, पानी भण्डारण टंकी सहित ५५७ वटा धारा बोर्डमा हस्तान्तरण गरियो ।

शक्तिखोलामा पानीको स्रोत पर्याप्त भएकाले सेही पानी हटियाको चिसापानीमा ल्याएर वडा नम्बर १५, १६, १७ र १८ सम्म वितरण गर्न सकिने सम्भावना देखिएको बोर्डका अध्यक्ष विष्ट बताउँछन् ।

हेटौंडा १७ हटिया चिसापानीमा २०८० कार्तिक १६ गतेदेखि शाखा कार्यालय सञ्चालनमा ल्याएर नियमित महसुल संकलन, नयाँ धारा जडानलगायत आवश्यक मर्मतसम्भार कार्य शाखा कार्यालय मार्फत गराउदै आइरहेको र यो क्षेत्रका सेवाग्राहीलाई चिसापानीमा शाखा कार्यालय स्थापना भएपछि धेरै सहज भएको बोर्डका सूचना अधिकारी न्यौपाने बताए ।

उपमहानगरको कार्यालय अगाडि र हेटौंडा १ स्थित जिम पार्कमा सार्वजनिक धारा निर्माण गरिएको छ । बोर्डको सेवाक्षेत्रमित्र करिब १९ हजार मिटर पाइपलाइन सुधार तथा विस्तारको लागि बोलपत्रको माध्यमबाट टफ बिल्डर्स एण्ड सप्लायर्स, चन्द्रागिरि, काठमाडौंले कार्य सम्पन्न गरेको सूचना अधिकारी न्यौपानेले बताए ।

संघीय सरकारको खानेपानी विभागबाट सिमलटार, रातोमाटे, हटिया परियोजनाअन्तर्गत करिब ८४ करोड रूपैयाँको डीपीआर तयार भई खानेपानी मन्त्रालयबाट स्रोत सुनिश्चताको लागि अर्थ मन्त्रालयमा पेश भएमा हालसम्म स्रोत सुनिश्चता नभएको सूचनाअधिकारी न्यौपानेले बताए ।

पानी परीक्षण प्रयोगशालाको भौतिक पूर्वाधार स्तरोन्नति गर्ने, बोर्ड अन्तर्गत रहेका खानेपानीका पूर्वाधारको सुधार र विस्तारको कार्य, खानेपानीका स्रोतको सुरक्षा एवम् संरक्षण कार्य, बोर्डको सेवाक्षेत्रमित्र ३ स्थानमा डिप ट्यूवेल निर्माण, पानी पुनर्भरण (रिचार्ज) पोखरी स्थानीय तह र सामुदायिक वनसँगको सहकार्यमा निर्माण कार्य गरिएको बोर्डको भनाइ छ ।

रिचार्ज पोखरी बनाउन समस्या

सुख्खा मौसममा पानीको उत्पादन नै कम भएपछि बोर्डलाई पानी वितरणमा समस्या आउँछ । भविष्यमा यही समस्या विकराल नहोस् भनेर बोर्डले विभिन्न सामुदायिक वन र समुदायस्तरमा रिजार्च पोखरी बनाउने योजना बनाएको दशक समय बित्न लाग्यो तर हालसम्म एउटै रिचार्ज पोखरी बनाउन सकेको छैन ।

रिचार्ज पोखरी निर्माण गर्दा वर्षाको पानी पोखरीमा जम्मा हुन्छ, त्यही जमिनमा सोसिन्छ र त्यो पानी जरूवा/कुवाको रूपमा अन्यत्र प्राप्त गर्न सकिन्छ । जमिनमै यो प्राकृतिक फिल्टर समेत हुन्छ । रिचार्ज पोखरीको उपयोगिता यतिमै सिमित छैन, यो डिप बोरिङ्गको लागि मुल स्रोत पनि हो ।

रिचार्ज पोखरीको निर्माणले वन्य जन्तुलको लागि पानी पिउने स्थल पनि बन्न बक्छ । तर यसको व्यवस्थापनमा वन विभाग नै सकारात्मक हुन सकेको छैन, जसले पोखरी निर्माणमा बाधा सिर्जना गरेको छ । वनक्षेत्रमा निर्माण गरिने रिचार्ज पोखरीहरू बन्यजन्तुको पानी पिउने सुविधासँगै पानीमा डुबेर मर्न सक्ने संभावना पनि हुन्छ । यसमा त्यही अनुसारको सुरक्षाबार अनिवार्य हुन्छ । यसै गरी समुदाय स्तरमा बनाइने रिचार्ज पोखरीमा पनि बालबालिकाको सुरक्षा चुनौती हुन्छ । विभिन्न चुनौतीलाई मध्यनजर गर्दै रिचार्ज पोखरी निर्माणमा कदम अघि बढाउन नसकेपछि बोर्ड आफ्नो लक्ष्यमा पछि परेको अध्यक्ष विष्टले स्वीकार गरे ।

रिचार्ज पोखरीकै अभावमा खानेपानी बोर्डले विगतमा सञ्चालनमा ल्याएको डिप बोरिङबाट पानी नै प्राप्त हुन छाडेको उनले बताए । "केही बोरिङबाट तानेको पानीले त्यही खपत हुने विद्युत महसुसलमात्रै तिर्न पुगेको छ" विष्टले भने "जमिन नै सुख्खा भएपछि कहाँबाट पानी आउनु ।"

उनका अनुसार बोर्डले ३ वर्ष अघि हरेक वर्ष ५/५ वटा रिचार्ज पोखरी बनाउने लक्ष्य लिएको थियो तर यो हालसम्म पुरा हुन सकेको छैन ।

६४ लाख अग्रिम भुक्तानी, आर्थिक पाठोमा सक्षम बन्दै बोर्ड

हेटौंडा खानेपानी व्यवस्थापन बोर्ड आर्थिक पाठोमा पनि सक्षम बन्दै आएको छ । गत आर्थिक वर्षमा १९ करोड १६ लाख रूपैयाँ आम्दानी गरेको छ ।

बोर्डले ग्राहकबाट पानी महसुल संकलनलगायत समग्र आन्तरिक आम्दानी लक्ष्यअनुसार संकलन गर्न सफल भएको हो । २०८१ असार मसान्तसम्म पानी महसुल, जरिवाना, नयाँ धारा जडान, थप पाइप तथा फिटिङ, मिटर जडान मर्मत, नामसारी, निवेदन तथा अन्य दस्तुर र बैंक ब्याज गरी वार्षिक कुल लक्ष्यको तुलनामा आन्तरिक आयतर्फ १०२.७५ प्रतिशत अर्थात १५ करोड ४ लाख ३६ हजार रूपैयाँ संकलन गरेको छ ।

बोर्डले बाह्य आम्दानीतर्फ हेटौंडा उपमहानगर र मकवानपुरगढी गाउँपालिकासँगको सहकार्यअन्तर्गत १ करोड ७९ लाख ९४ हजार रूपैयाँ प्राप्त गरेको बोर्डका अध्यक्ष प्रताप विष्टले बताएका छन् । बोर्डको बैंक ३ करोड ३३ लाख रूपैयाँ मौज्दात छ ।

गत आर्थिक वर्ष ०८०/८१ को असार मसान्तसम्मको बिलिङ रकम १३ करोड ९७ लाख रूपैयाँमध्ये १३ करोड ५८ लाख ३५ हजार अर्थात ९७.३३५ पानी महशुल उठाउन बोर्ड सफल भएको सूचना अधिकारी न्यौपानेले बताए । आर्थिक वर्ष २०८०/८१ को अन्त्यसम्ममा पानी महसुल बक्यौता रकम ३९ लाख ४३ हजार रूपैयाँ रहेकोमा र ग्राहकबाट ६४ लाख ५७ हजार रूपैयाँ अग्रिम महसुल भुक्तानी भएको न्यौपानेले बताए ।

बोर्डको खर्चतर्फ ०८०/८१ मा कार्यालय संचालनतर्फ ५ करोड ७६ लाख ३६ हजार रूपैयाँ र सेवा संचालनतर्फ ३ करोड ८७ लाख १ रूपैयाँ भएको न्यौपानेले जानकारी दिए ।

तुल्सी थापाको सम्झना सन्ध्या

मकवानपुर । साहित्य संगम मकवानपुरले ३४६ औं नियमित साहित्य सन्ध्या तुल्सी थापा विशेष गरेको छ। नेपाल मै पहिलो पटक दाना कविताको सुरूवात गर्नुहुने थापाको वार्षीकीमा संगमले विशेष कार्यक्रम गरेको हो ।

सङ्गमको ३४६औं नियमित साहित्य सन्ध्या एवम् तुल्सी थापा स्मृति विशेष, सम्मान तथा रचना वाचन कार्यक्रममा थापाको व्यक्तित्व र साहित्यिक तथा शैक्षिक योगदानको सम्झना गरिएको छ । अग्रज साहित्यकार तुलसी घिमिरेले थापा सरलाई सम्झनेक्रममा जीवितै हुँदा सुनाइएको कविता "मीतज्यू" सुनाउँदै भने: 'दुवैले एकअर्कालाई मीतज्यू भन्ने गरेका थियौं । एकअर्काप्रति प्रेमभाव थियो, आआफ्ना लेखनका बारेमा चर्चा गर्ने गरेका थियौ ।'

सर्जक सञ्जाल मकवानपुरका संयोजक निमेष निखिलले तुल्सी थापाको व्यक्तित्व, शिक्षा क्षेत्र र चेपाङ समुदायमा पुऱ्याउनु भएको योगदानसँगै साहित्यिक जीवनको बारेमा जानकारी दिए । नाटक, कथा, कविता र अनुवादको क्षेत्रमा थापाको योगदानको चर्चा गर्दै उनले भने 'तुल्सी थापाले दाना कवितालाई साहित्याकाशमा नयाँ विधाको रूपमा स्थापित गरेका हुन्।' थापाले अनुवादको क्षेत्रमा पुर्याएको योगदानको कमै चर्चा हुने गरेको उनले बताए । थोरै तर गुणात्मक र मौलिक लेखनबाट तुल्सी सर चिनिनु भएको उनले जानकारी दिए। 'तुल्सी थापाका दाना कवितालाई विकास र विस्तार गर्न सके उहाँप्रति सच्चा सम्मान हुनेछ' उनले भने ।

'थापा मकवानपुरमा मात्र नभएर अन्य क्षेत्रमा पनि सम्मानपूर्वक लिइने साहित्यकार हुन्' उनले भने 'अमरसिंहको खोजीमा अमरसिंह' नाटक उज्ज्वल शर्मा भण्डारीको निर्देशनमा मञ्चन भइ उत्कृष्टताको रुपमा चर्चा भएको छ । चेपाङ भाषाको पहिलो पत्रिका 'चिन्होजान्हो' प्रकाशनमा समेत उनको योगदान रहेको छ । जातजातिमध्ये पनि विशेषत: चेपाङलाई मूलधारमा ल्याउने नेतृत्वकर्ताको रूपमा समेत थापालाई लिइन्छ । मकवानपुर को उत्तरी क्षेत्रमा शिक्षाको विकासमा थापा बिर्सन नहुने नाम हो ।

कार्यक्रममा तुल्सी थापाकी बहिनी बेली थापाको पनि उपस्थिति रहेको थियो । थापाले शालिन र शान्त स्वभावका दाजुको योगदान तथा सम्झनामा कविता समेत वाचन गरिन् । 'दिल लगाएर लगनशील भएर साहित्यिक क्षेत्रमा लागिपरेका सबै साहित्यिक योद्धाहरुका साथै सामाजिक यात्रा, साहित्यिक यात्रा र शैक्षिक यात्राको विषयमा मकवानपुरे साहित्य समाजले नै थापालाई सम्झिरहेको अवस्थामा हाम्रै वरिपरी रहिरहेको आभास हुन्छ' उनले भनिन् ।

स्वच्छ वातावरण स्वस्थ्य शरिर, बिरुवा रोपौं, वातावरण स्वच्छ र हराभरा राखौ । पानीको मुहान/स्रोत संरक्षण गरौं । बालमा किटनाशक औषधिको प्रयोग कम गर्दै जैविक औषधिको प्रयोग बढाऔं । रसायनिक मल भन्दा प्राङ्गारिक मलको प्रयोगमा प्राथमिकता दिने गरौं ।

● सहीखबर साप्ताहिक

कैलाश गाउँपालिकाको सूचना

नेपालको कानूनले विवाह गर्दा केटा र केटी दुबैको उमेर २० वर्ष पुरा भएको हुनुपर्ने व्यवस्था गरेको छ । त्यसैले २० वर्षभन्दा कम उमेरमै विवाह गर्नु / गराउनु अपराध हो । बाल विवाह गर्ने गराउने र सहभागी हुने सबैलाई कानूनले कारबाहीको दायरामा ल्याएको छ ।

बालबालिकालाई विवाह होइन, शिक्षा प्रदान गरौं ।

मुलुकी अपराध संहिता २०७४ अनुसार

विवाह गर्ने व्यक्तिको उमेर वर्ष २० नपुगी कसैले विवाह गर्न वा गराउन हुदैन (दफा १७३) । यसो गरेमा ३ वर्षकैद र ३० हजार रुपियाँसम्म जरिवाना हुनेछ ।

विवाह गर्न पुरा हुनु पर्ने उमेर पुरा नभएको व्यक्तिले दिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन ।

त्यसैले बालबालिकालाई शिक्षा प्रदान गरौं, भोलीको भविष्य सुन्दर बनाउन योगदान गरौं ।
सबै जिम्मेवार बनौं, बालमैत्री व्यवहार अबलम्बन गरौं, बालमैत्री स्थानीय शासन लागु गर्नको लागि अनिवार्य सर्तहरु पुरा गर्न आफ्नो स्थानबाट लागिपरौं ।

कैलाश गाउँपालिका
गाउँकार्य पालिकाको कार्यालय, मकवानपुर ।

२०८१ भदौ १३ विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०
मकवानपुर जि. हुलाक का. दर्ता नं ०५/२०७६/०७७



मन्त्री पद छ मन्त्रालय जिम्मेवारी छैन

सहीखबर संवाददाता

मकवानपुर । मन्त्रीको जिम्मेवारीमा सथप लिने तर मन्त्रालय नपाउने मन्त्रीहरूको नामावली बागमतीमा लम्बीदो छ । यसअघि मन्त्रीहरू रामकृष्ण चित्रकार र रमा आलेमगरले जस्तै अहिले अर्का एक मन्त्रीले मन्त्रालय पाउन सकेका छैनन् ।

पछिल्लो पटक अर्कामन्त्रीले सथप लिएको एक महिना नाघ्दासम्म जिम्मेवारी पाएका छैनन् । साउनमा मन्त्री नियुक्त भइ शपथ ग्रहण गरेका मदुकुमार श्रेष्ठ अहिलेसम्म विभागविहीन छन् । गत साउन १२ गते मुख्यमन्त्री बहादुर सिंह लामाले सरकारलाई पूर्णता दिँदै १४ मन्त्री नियुक्त गरेका थिए । जबकि मन्त्रालय सङ्ख्या १३ छ । जसमध्ये एमालेले ६ र कांग्रेसले ७ मन्त्रालय लिने सहमति भएको थियो । एमालेले ६ मन्त्रीको नाम सहजै टुङ्ग्याउँदा कांग्रेसमित्रको गुट र भागबण्डाले मुख्यमन्त्री सहित ७ मन्त्रालयको जिम्मेवारी तोक्न तथा मन्त्री छान्न निकै सकस भयो । परिणामस्वरूप मुख्यमन्त्री लामाले कांग्रेसको भागमा परेको भन्दा थप एक जनालाई मन्त्री बनाए । मन्त्री त बनाए तर पछिल्लो नियुक्त भएका अन्य मन्त्रीहरुले जिम्मेवारी पाए पनि साउन ९ मै नियुक्त भएका मन्त्री श्रेष्ठले जिम्मेवारी पाएनन् ।

जिम्मेवारी नपाउँदा मन्त्री श्रेष्ठ पीएसओ र गाडी लिएर जिल्ला दौडमा छन् भने उनको लागि कार्यालय व्यवस्थापनमा समेत समस्या देखिएको छ । केही दिन अघिमात्र उनलाई तत्कालीन जिल्ला विकास समितिको (हाल उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय रहेको) भवनमा केही कोठा उपलब्ध गराइएको छ । एउटा गाडी, पीएसओ, स्वकीयका साथ उनी काम पर्दा हेर्दौंडा आउँछन् भने अरू समयमा निर्वाचन क्षेत्र तथा जिल्लामै रहने गर्दछन् । सार्वजनिक कार्यक्रममा सहभागी हुने, आवश्यक समन्वयको बाचा बाहेक उनले गर्न सक्ने कुनै काम छैन ।

मन्त्री श्रेष्ठ आफ्नो विज्ञताको आधारमा मन्त्रालयको जिम्मेवारी चाहिरहेका छन् । जस अनुसार चलचित्र क्षेत्र, संस्कृति, पर्यटन, सामाजिक क्षेत्र उनको रूचिको विभाग हो । तर ती विभाग अन्तर्गतका मन्त्रालयमा यसअघि नै मन्त्री नियुक्त भइसकेका छन् ।

पछिल्लो समयमा उनी विकास निर्माणमा जोडिएर काम गर्नेगरी सहरी विकास मन्त्रालय निर्माण गर्न माग गरिरहेका छन् । तर, सो विषयमा सत्ता साझेदार दल एमाले सहमत हुने अवस्था छैन । भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गत रहेको सहरी विकास अलग हुने अवस्था नरहेको मन्त्री श्रेष्ठ स्वयम् बताउँछन् ।

उनका अनुसार छिट्टै विभाग दिने आश्वासन मुख्यमन्त्रीबाट पाए पनि कुन मन्त्रालय भन्ने विषयमा छलफल भएको छैन । मुख्यमन्त्रीले तोकेको मन्त्रालयमा रहेर काम गर्न आफू तयार रहेको उनले बताए ।

त्यसो त बागमती प्रदेशमा विनाविभागीय मन्त्री रहेको यो पहिलो घटना होइन । यसअघि पनि विभिन्न समयमा मन्त्रीहरु जिम्मेवारीविहीन अवस्थामा रहनु परेको थियो । गत चैत ३० मा मन्त्री भएकी रमा आले मगरले ४५ दिन विभागीय जिम्मेवारी पाइनन् भने २०८० जेठ ७ मा मन्त्री बनेका रामकृष्ण चित्रकार ले ९३ दिनमा जिम्मेवारी पाएका थिए । ती मन्त्रीले मन्त्रालयको सङ्ख्या बढाएपछि मात्र जिम्मेवारी पाएका थिए ।

सरकारमा कांग्रेस रहँदा मन्त्रालयको सङ्ख्या प्राय: बढेको छ । मन्त्रालय विभाजनको शृंखला हेर्ने हो भने कांग्रेसबाट विभागविना नै सरकारमा सामेल हुनेको सङ्ख्या ३ पुगेको छ । एउटाले मन्त्रालय फुटाएर जिम्मेवारी पाएका थिए भने अकीलाई जिम्मेवारी दिने विषयमा सरकार प्रयत्नरत छ ।

गत २७८ भदौमा पहिलो पटक एमालेको सरकारले प्रदेशको ७ मन्त्रालयलाई ८ वटा कायम गरेको थियो । सो पश्चात २७८ मा कांग्रेस सम्मिलित माओवादी केन्द्र र एकीकृत समाजवादीको सरकारले १४ मन्त्रालय कायम गरेको थियो । २०७९ को आम निर्वाचनपछि प्रदेशमा ११ वटा मन्त्रालय बनाइएको थियो ।

त्यसपश्चात २०८० भदौमा माओवादी केन्द्रको नेतृत्वमा कांग्रेस र एकीकृत समाजवादीको सरकारले प्रदेशको ११ मन्त्रालयलाई १२ बनायो । सो समयमा मन्त्रालय विभाजनको प्रमुख कारण कांग्रेस बन्यो ।

हाल प्रदेशमा १४ मन्त्रालयको संख्या बनाउने कसरत जारी छ । विनाविभागीय मन्त्री श्रेष्ठलाई जिम्मेवारी दिने विषयमा दलहरु निरन्तर छलफलमा छन् । तर, साझेदार दलहरुबिच सहमति हुन सकेको छैन ।सत्ता साझेदार दल नेकपा एमालेले मन्त्री र मन्त्रालय बढाउन नहुने बताउँदै आएको छ।

विनाविभागीय मन्त्रीको व्यवस्थापनका विषयमा छलफल भइरहेको मुख्यमन्त्री लामाले बताए । मन्त्री श्रेष्ठलाई छिटै जिम्मेवारी तोक्ने गरी सरकारले साझेदार दलहरुसँग छलफल गरिरहेको उनको भनाइ छ । मन्त्री फिर्ता गर्ने सम्भावना नरहेकाले उपयुक्त जिम्मेवारी तोकेर अघि बढ्ने मुख्यमन्त्री लामाले प्रस्ट पारे ।

'जिम्मेवारी तोक्न मन्त्रालय खाली छैन । उहाँको जिम्मेवारीको विषयमा छलफल भएको छ । सहमति भने हुन सकेको छैन,' मुख्यमन्त्री लामाले भने, 'संविधानले कुल प्रदेश सभा सदस्यको ३० प्रतिशतसम्म मन्त्रालय बनाउन सक्ने अधिकार दिएको छ । हामीले संविधानको प्रयोग र अभ्यास गर्ने हो । उहाँको जिम्मेवारी तोकिने सम्भावना बलियो छ,' उनले भने ।

> *उनको आशय मुख्यमन्त्रीले निर्णय गरेर मन्त्रालय बढ्ने रहेको देखिन्छ । तर मन्त्रालय बढाउँदा पुष्टी गर्नु पर्ने औचित्य तथा हुने व्ययभारमा गम्भिर देखिदैनन् उनी । संविधान निर्माणको कमजोरी देखाउँछन् ।*

मुख्यमन्त्री लामाका अनुसार कांग्रेस सरकारमा जाने बित्तिकै मन्त्रालयको संख्या बढ्ने अवस्था नरहेको बताए । मुख्यमन्त्री लामाले अरू पार्टीले सरकारको नेतृत्व गर्दा पनि मन्त्रालयको संख्या बढाएको बताए ।

उनले मन्त्रालयको संख्या र मन्त्रीको संख्या अवस्था, परिस्थितिका आधारमा निर्धारण हुने बताए । सरकारको नेतृत्वमा रहँदा एमाले, माओवादी र समाजवादीले पनि मन्त्रालयको संख्या बढाएको उनले जानकारी दिए । विगतको सरकार, सत्ता समीकरण र अहिलेको राजनीतिक परिस्थिति फरक रहेकाले व्यवस्थापनमा समस्या भएको उनको भनाइ छ । सरकार सुशासन र आर्थिक अनुशासनलाई महत्वका साथ लिएर अघि बढेकाले नियम, कानूनको अधिनमा रहेर काम गर्ने उनले बताए ।

'विगतमा मन्त्रालयको संख्या ८ हुँदा एमालेको एकल बहुमतको सरकार थियो । पछि एकीकृत समाजवादीको नेतृत्वमा सरकार बन्दा १४ मन्त्रालय भए । त्यसमा कांग्रेस साझेदार थियो । तर, हामीले निर्णय गरेका होइनौं । पछि मन्त्रालय घटाएर ११ बनाइयो । त्यसपछि माओवादी केन्द्रको नेतृत्वमा १३ बन्यो । हामी साझेदार भए पनि निर्णय मुख्यमन्त्रीले गरेका हुन् ।' उनको आशय मुख्यमन्त्रीले निर्णय गरेर मन्त्रालय बढ्ने रहेको देखिन्छ । तर मन्त्रालय बढाउँदा पुष्टी गर्नु पर्ने औचित्य तथा हुने व्ययभारमा गम्भिर देखिदैनन् उनी । संविधान निर्माणको कमजोरी देखाउँछन् ।

मुख्यमन्त्री लामाका अनुसार संविधान निर्माण गर्दा भएको कमजोरीका कारण मन्त्रालयको संख्या बढ्ने गरेको हो । संविधानमा प्रतिशतका आधारमा थ्रेस होल्ड नभइ संख्या तोक्न सके सो समस्याको हाल हुने उनले बताए । प्रदेश सरकारहरुले संविधानको अभ्यास गरिरहेको र त्यसबाट प्राप्त सुझाव अनुसार सुधारका काम अघि बढाउन जरूरी रहेको उनको भनाइ छ ।

यता केही दिनमै विभागीय जिम्मेवारी दिइने शर्तमा मन्त्री बनेका श्रेष्ठ अब धेरै दिन कुर्न नसक्ने बताउँछन्। 'पहिला सामाजिक विकास मन्त्रालय दिने भन्ने सल्लाह भएको थियो,' मन्त्री श्रेष्ठले भने, 'पछि संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय दिने भन्ने कुरो आयो। तर एक जना मन्त्रीको संख्या थपिने बित्तिकै सबैजनालाई मन्त्रालयको भाग पुग्यो। म बिना विभागीय नै बस्नुपर्यो।'

आफूलाई बेकामे बनाइएको गुनासो गर्दै श्रेष्ठले भने, 'मेरो निर्वाचन क्षेत्र धादिङको मतदाताले म माथि गरेको विश्वास पूरा गर्नुछ। मन्त्री भएपछि नागरिकको हितमा विभिन्न कामहरु गर्छु भन्ने योजना बनाएर आएको म एउटा कोठामा मन्त्रीको नेमप्लेट लिएर मात्रै कसरी बस्न सक्छु?

त्यसो त, मन्त्री नियुक्ती प्रक्रियामै झमेला भोगेका मुख्यमन्त्री लामालाई बिना विभागीय मन्त्री श्रेष्ठलाई जिम्मेवारी तोक्ने बिषयमा सकस पर्ने देखिन्छ। यता, एमाले र कांग्रेस दुई दल मात्रै मिलेर बनेको सरकारमा मन्त्रीको संख्या घटला भन्ने अपेक्षा आम नागरिकको थियो। तर कांग्रेसको आफ्नै दलमित्रको आन्तरिक किचलो मिलाउँन बागमतीमा फेरि मन्त्रालय बढ्ने बाहेकको विकल्प देखिदैन्।

सहीखबर

समाचार/विविध

www.saheekhabar.com

२०८१ भदौ १३ विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०
मकवानपुर जि. हुलाक का. दर्ता नं ०५/२०७६/०७७

बालविवाह नगरौं

नेपालको कानूनले विवाह गर्दा केटा र केटी दुबैको उमेर २० वर्ष पुरा भएको हुनुपर्ने व्यवस्था गरेको छ । त्यसैले २० वर्षभन्दा कम उमेरमै विवाह गर्नु / गराउनु अपराध हो । बाल विवाह गर्ने गराउने र सहभागी हुने सबैलाई कानूनले कारबाहीको दायरामा ल्याएको छ ।

@saheekhabar.com

बालबालिकालाई विवाह होइन, शिक्षा प्रदान गरौं ।

मुलुकी अपराध संहिता २०७४ अनुसार

विवाह गर्ने व्यक्तिको उमेर वर्ष २० नपुगी कसैले विवाह गर्न वा गराउन हुदैन (दफा १७३) ।

यसो गरेमा ३ वर्षकैद र ३० हजार रूपियाँसम्म जरिवाना हुनेछ । विवाह गर्न पुरा हुनु पर्ने उमेर पुरा नभएको व्यक्तिले दिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन । त्यसैले बालबालिकालाई शिक्षा प्रदान गरौं ।

@saheekhabar.com

भोलीको भविष्य सुन्दर बनाउन योगदान गरौं ।

सबै जिम्मेवार बनौ, बालमैत्री व्यवहार अबलम्बन गरौ, बालमैत्री स्थानीय शासन लागु गर्नको लागि अनिवार्य सर्तहरू पुरा गर्न आफ्नो स्थानबाट लागि परौ ।

वडा अध्यक्ष विष्णु दाहाल

६ नं वडा कार्यालय

हेटौंडा उपमहानगरपालिका मकवानपुर

शिक्षा र सिप जीवनको सबैभन्दा भरपर्दो सारथी हुन् । ● सहीखबर साप्ताहिक

स्रोत नखुलेको १५ लाख भारतीय रुपैयाँ बरामद

○सहीखबर संवाददाता

मकवानपुर । स्रोत नखुलेको १५ लाख भारतीय रुपैयाँ बरामद गरिएको छ ।

महोत्तरीको जलेश्वर नगर पालिका वडा नम्बर २ मालिवडामा सशस्त्र प्रहरीले स्रोत नखुलेको १५ लाखभन्दा बढी भारतीय रुपैयाँसहित दुई जना भारतीय नागरिकलाई पक्राउ गरेको हो ।

भारतीय सीमा पार गरी नेपाल प्रवेश गरेको विआर ३१ एके ८८०७ भारतीय नम्बरको अल्टो कार चेकजाँच गर्ने क्रममा उक्त कारमा स्रोत नखुलेको १५ लाख २४ हजार ९ सय भारतीय रुपैयाँ फेला पारेको हो ।

कारमा सवार भारतीय नागरिकहरु जिल्ला वैशाली हाजिपुर नगरका ३४ वर्षीय ललन कुमार र सोही ठाउँ वस्ने २६ वर्षीय मोहन कुमारलाई स्रोत नखुलेको उक्त र कम सहित पक्राउ गरिएको ९ गण हेडक्वार्टर महोत्तरीका गणपति सशस्त्र प्रहरी उपरीक्षक विनोद केसीले बताए ।

मकवानपुर बहुमुखी क्याम्पस
(MMC-Hetauda)

भर्ना खुल्यो !

कक्षा-११
विज्ञान
व्यवस्थापन
मानविकी
शिक्षाशास्त्र



कक्षा सञ्चालन:
२०८१ श्रावण ५ गतेदेखि

मकवानपुर बहुमुखी क्याम्पस
हेटौंडा-२, मकवानपुर
फोन नं.: ०५७-५२०६२०, ९८५५०१६९१५

भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!

सिद्धार्थ माध्यमिक विद्यालय
हेटौंडा-२, मकवानपुर
BIG SCHOOL



Hurry Up!

PROGRAMMES

Class 11
Science
Law Education
Management

CTEVT

3 Yrs Diploma in Forestry

Contact at: 057-520700, 9845302800,
9845058715, 9845072247, 9845028839, 9855070647

बागमती प्रदेश स्वास्थ्य ऐन ल्याइँदै

○ सहीखबर संवाददाता



चितवन । बागमती प्रदेशको स्वास्थ्य संस्था स्थापना, स्तरोन्नति तथा नवीकरणसम्बन्धी ऐन यसै महिनाभित्र कार्यान्वयनमा ल्याइने भएको छ । लामो समयदेखि ऐन बन्न नसक्दा यहाँका अधिकांश स्वास्थ्य संस्था नवीकरण हुनसकेको छैनन् ।

ऐन नहुँदा स्वास्थ्यका नयाँ संस्था दर्ता रोकिएको, प्रादेशिक अस्पतालका समिति निष्क्रिय भएको र वातावरणीय प्रभाव मूल्याङ्कनको काम हुनसकेका छैनन् । बागमती प्रदेशका स्वास्थ्यमन्त्री किरण थापामगरले यो महिनाभित्रमा ऐन ल्याइने बताए ।

उनले भने, "हामी अन्तिम चरणमा छौं । प्रदेशको संसदीय समितिमा छ । अबको संसद्मा आउँछ", ऐन नबन्दा धेरै काम प्रभावित भएको भन्दै उनले थपे, "भदौभित्रमा ऐन आउँछ ।"

मन्त्रालयका सूचना अधिकारी डा रविन भुसालका अनुसार मन्त्रालयले विसं २०८० भदौ १२ गते प्रदेशसभामा ऐन पठाएको थियो । त्यसपश्चात बागमती प्रदेशको शिक्षा, स्वास्थ्य तथा कृषि समितिले ऐन अनुमोदन गरेर संसद्मा पठाउनुपर्नेमा ढिलाइ भएको हो । लामो समय समिति नबन्दा ऐनमाथि छलफल हुन ढिलाइ भएको छ ।

समितिका सदस्य एवं प्रदेशका पूर्वस्वास्थ्यमन्त्री उत्तम जोशीले आफू मन्त्री भएलगत्तै ऐन प्रदेशसभामा पठाएको बताए । समितिको यही भदौ १३ गते दिउँसो २ बजे बैठक डाकिएको भन्दै उहाँले त्यसै बैठकले अनुमोदन गरेर पठाएपछि संसद् बैठकबाट अनुमोदन हुने बताए । उनले भने, "धेरै काम रोकिएकाले यथाशीघ्र ऐन ल्याउन हामी लागिरहेका छौं ।" प्रदेश सरकारले ल्याएको अध्यादेश संसद् खुलेको ६० दिनभित्र अनुमोदन हुन नसक्दा निष्क्रिय भएपछि २०७९ फागुन १२ गतेबाट बागमती प्रदेशमा ऐनविहीन छ ।

मन्त्रालयका सूचना अधिकारी भुसालका अनुसार ऐन नबन्दा ८० प्रतिशतभन्दा बढी २६ देखि दुई सय शय्यासम्मका अस्पताल नवीकरण हुनसकेका छैनन् । प्रदेशका १३ वटा अस्पताल, १३ वटा आयुर्वेद तथा वैकल्पिक चिकित्सालयको समिति निष्क्रिय बनेको छ । नयाँ अस्पताल दर्ता र वातावरणीय प्रभाव मूल्याङ्कनका काम रोकिएका छन् । स्तरोन्नतिमा पनि यसको प्रभाव परेको छ ।

बागमती प्रदेशमा सबैभन्दा बढी स्वास्थ्य संस्था रहेका छन् । अस्पतालसँगै ऐनमार्फत काम हुने अन्य स्वास्थ्य संस्थाहरूको पनि नवीकरण र स्तरोन्नतिलगायत काम प्रभावित भएका छन् ।

निजी अस्पताल समन्वय समिति चितवनका सचिव रघुनाथ सापकोटाले ऐन नबन्दा अस्पतालसहित स्वास्थ्यसँग सम्बन्धित संस्थाहरूको दर्ता, नवीकरण, स्तरोन्नतिसँगै बैंकिङ कारोबार रोकिएको बताए । लामो समयदेखि ऐनविहीन हुँदा स्वास्थ्य क्षेत्रमा काममा निकै कठिनाइ भएको उनको भनाइ छ ।

अस्पताल नवीकरण नहुँदा एम्बुलेन्सका सिफारिस, सिटी, एमआर आइजस्ता उपकरण खरिदका काम रोकिएका छन् । प्रयोगशालाहरूको अनुगमन हुनसकेका छैनन् ।

दीगोपनाको कार्यक्रम मन्त्रीको प्राथमिकता

मकवानपुर । बागमती प्रदेश आर्थिक मामिला मन्त्री कुन्दनराज काफ्लेले प्रभावकारी र दीगोपनाको कार्यक्रमलाई सरकारले प्राथमिकता दिने बताएका छन् ।

राष्ट्रिय अपाङ्ग महासंघ नेपाल बागमती प्रदेशले बुधबार हेटौंडामा आयोजना गरेको स्वास्थ पुनर्स्थापना सम्बन्धि प्रदेश स्तरीय अन्तरक्रियामा उनले यस्तो बताएका हुन् ।

कार्यक्रममा राष्ट्रिय अपाङ्ग महासंघ नेपाल बागमती प्रदेश अध्यक्ष अश्विन लम्सालले सरकारले अपाङ्ग भएकाहरूको सम्बोधन गर्नेगरी बजेट ल्याउनु पर्ने माग गरे । अपाङ्गता भएकाहरूको लागि कार्यान्वयनमा रहेको बिमा कार्यक्रम कटौती गरिएको प्रति लम्सालले गुनासो गरे ।

कार्यक्रममा राष्ट्रिय अपाङ्ग महासंघ नेपाल परियोजना संयोजक सन्दीप विश्वकर्माले सर्भेक्षेण रिपोर्ट सार्वजनिक गरेका थिए । बागमती प्रदेशमा १ हजार ६१५ जनामा गरिएको सर्भेक्षणमा अनुसार ३ दशमलव ६ जनाले सामग्री बिना जीवन चलाउन समस्या भएको उनले बताएका थिए । यहाँ २१ प्रतिशतले मात्रै सरकारले प्रदान गर्ने सहायक सामग्री पाएको विश्वकर्माले बताएका थिए ।

चस्मा, सेतो छडी, कुर्सी जस्तो सामग्रीमा पनि सहायता कमैमात्र उपलब्ध भएको पाइएको विश्वकर्माले बताए । सर्भेक्षणका क्रममा ५६ प्रतिशतले आफै र ३९ प्रतिशतले साथीभाइको सहयोगमा सहायता सामग्री खरिद गर्ने गरेको बताएका थिए ।

'स्थानीय प्रदेश र संघीय सरकारले सहायक सामग्री दिने नीति लिएको छ तर त्यो व्यवहारमा देखिएन' उनले भने 'सरकारले प्रदान गर्ने सामग्री पनि नापजांच गरेर आवश्यकतालाई सम्बोधन गर्ने गरी प्रदान नगरिएको सर्भेक्षणमा पाइयो ।' अपाङ्गता भएकाहरूले प्रयोग गर्ने सहायता सामग्री बिमा कार्यक्रम भित्रै समावेश गर्नुपर्ने उनले बताए ।

स्वास्थ मन्त्रालयले अपाङ्गता भएकाहरूलाई प्रदान गर्दै आइएको कार्यक्रमलाई निरन्तरता दिने बागमती प्रदेश स्वास्थ मन्त्रालयका वरिष्ठ स्वास्थ प्रशासक डा.खगेश्वर गेलालले बताए । स्वास्थ बिमा मकवानपुर को नरबहादुर खड्काका अनुसार सरकारले 'ख' बर्गको लागि बिमा व्यवस्था गरेको छैन । क बर्गको लागि भने वडाको दर्ता सहयोगीमार्फत पुर्ण छुटमा बिमा गर्न सकिन्छ । कार्यक्रममा स्वास्थ मन्त्रालय,स्वस्थ्य निर्देशनालय, स्वास्थ कार्यालय, अपाङ्ग सरोकार केन्द्रलगायतको प्रमुख तथा प्रतिनिधिहरूको उपस्थिति रहेको थियो ।

भिमफेदी गाउँपालिकाको सूचना

नेपालको कानूनले विवाह गर्दा केटा र केटी दुबैको उमेर २० वर्ष पुरा भएको हुनुपर्ने व्यवस्था गरेको छ । त्यसैले २० वर्षभन्दा कम उमेरमै विवाह गर्नु / गराउनु अपराध हो । बाल विवाह गर्ने गराउने र सहभागी हुने सबैलाई कानूनले कारबाहीको दायरामा ल्याएको छ ।

बालबालिकालाई विवाह होइन, शिक्षा प्रदान गरौं ।

मुलुकी अपराध संहिता २०७४ अनुसार

विवाह गर्ने व्यक्तिको उमेर वर्ष २० नपुगी कसैले विवाह गर्न वा गराउन हुदैन (दफा १७३) । यसो गरेमा ३ वर्षकैद र ३० हजार रुपियाँसम्म जरिवाना हुनेछ ।

विवाह गर्न पुरा हुनु पर्ने उमेर पुरा नभएको व्यक्तिले दिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन ।

त्यसैले बालबालिकालाई शिक्षा प्रदान गरौं, भोलीको भविष्य सुन्दर बनाउन योगदान गरौं ।

सबै जिम्मेवार बनौं, बालमैत्री व्यवहार अबलम्बन गरौं,
बालमैत्री स्थानीय शासन लागु गर्नको लागि अनिवार्य सर्तहरु पुरा गर्न आफ्नो स्थानबाट लागिपरौं ।

भिमफेदी गाउँपालिका
गाउँकार्य पालिकाको कार्यालय, मकवानपुर ।

सुशासन प्रवर्द्धन गरौं

- ☞ कानून पालना गर्ने संस्कार र संस्कृतिको विकास गरौं,
- ☞ भ्रष्टाचार, अनियमितता विरुद्ध शुन्य सहनशील बनौं,
- ☞ सार्वजनिक सेवालाई पारदर्शी र उत्तरदायी बनाऔं,
- ☞ राज्य र समाजप्रतिको जिम्मेवारी तथा कर्तव्यबोध गरौं,
- ☞ रचनात्मक आलोचना र सकारात्मक सोचको विकास गरौं,
- ☞ विकास निर्माणका कार्यमा सहभागिता जनाऔं,
- ☞ अनियमितताको कुनै सूचना भए नियामक निकायलाई जानकारी गराऔं,

सुशासन कायम गर्न राज्य संयन्त्रलाई खबरदारी गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड